# नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

## सिंहदरवार, काठमाडौं




सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) बमोजिमको
त्रैमासिक कार्यसम्पादन प्रतिवेदन २०७९ माघ - चैत प्रतिवेदन

(**Proactive Disclosure**)

(२०७९)

# विषय सूची


१. मन्त्रालयको कार्य क्षेत्र ........ १
२. कर्मचारी संख्या र विवरण ........ ३
४. प्रदान गरिने सेवा ........ ७
५. महाशाखा, शाखा र जिम्मेवार अधिकारी ........ ८
६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि ........ ९
७. निर्णय गर्ने प्रक्रिया र अधिकारी ........ ९
८. निर्णय उपर उजुरी सुन्ने अधिकारी ........ ९
९. सम्पादन गरेको कामको विवरणः ........ ९
१०. सूचना अधिकारी र प्रमुखको नाम र पद ........ १२२
११. सम्बन्धित नीति, ऐन, नियम, गठन आदेश, विनियम वा निर्देशिकाको सूची ........ १२३
१२. पर्यटकीय तथ्याँकः ........ १४५
१३. मन्त्रालय शाखागत इमेल बिबरणः ........ १५६
१४. आर्थिक वर्ष २०७९/८० त्रैमासिक कार्यसम्पादन प्रतिवेदन २०७९ कार्तिक-पुष ........ १६७
१५. आ.व. २०७९।८० को दोस्रो त्रैमासिकसम्मको खर्च स्थितिः १७
१६. पहिलो प्राथमिकता प्राप्त (P1) कार्यक्रमहरुको दोस्रो त्रैमासिकसम्मको प्रगति १८
१७. दोस्रो प्राथमिकता प्राप्त (P2) कार्यक्रमहरुको दोस्रो त्रैमासिकसम्मको प्रगति १८
१८. कार्यक्रम तथा आयोजनाहरुको समग्र भौतिक प्रगति स्थिति १९
१९. मन्त्रालय र मातहतका निकायहरुको प्रगति १९
२०. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको समष्टिगत प्रगति सारांश १९
२१. आर्थिक वर्ष २०७९/८० दोस्रो त्रैमासिकसम्मको वेरूजु फछ्यौट प्रगति विवरण २०
२२. २०७९ श्रावणदेखि २०७९ पुस मसान्तसम्मको गुनासो व्यवस्थापनको स्थिति २०
२३. क्षेत्रगत प्रमुख उपलब्धिहरू २०
२४. कार्यप्रारम्भ नभएका माइलस्टोनहरू २२

## परिचय

तुलनात्मक र प्रतिस्पर्धात्मक लाभका दृष्टिले नेपालको आर्थिक विकासको प्रमुख आधार रहेको पर्यटन क्षेत्रले विदेशी मुद्रा आर्जन, रोजगारी सिर्जना, आर्थिक कृयाकलाप अभिवृद्धि र समग्र आर्थिक विकास र समुन्नतिमा टेवा पुर्याउँदै आएको छ। देशमा रहेका सम्पूर्ण ऐतिहासिक, प्राकृतिक र साँस्कृतिक सम्पदाहरुको संरक्षण र विकास गरी तिनको आर्थिक उपयोग गर्दै पर्यटनलाई मुलुकको आर्थिक आधारको रुपमा ग्रामीण तहसम्म विकास र विस्तार गरी यसको प्रतिफल जनजीवनको तल्लो तहसम्म पुर्याउन संस्कृति र पर्यटन क्षेत्रको विविधिकरण, विस्तार र प्रवर्द्धन गरिनु आवश्यक छ।

पर्यटकहरुको आवागमन शुरुवातसँगै नेपालमा पर्यटन क्षेत्रका कार्यक्रमहरुलाई व्यवस्थित रुपले अगाडि बढाउन सर्वप्रथम वि.सं. २०१६ सालमा पर्यटन बोर्डको स्थापना भएको थियो। वि.सं. २०१८ सालमा निर्माण तथा यातायात मन्त्रालय अन्तर्गत पर्यटन विभाग गठन भएकोमा पर्यटन गुरुयोजना र प्रशासन सुधार आयोग, २०३२ को सिफारिस समेतका आधारमा पर्यटन क्षेत्रको योजनाबद्ध विकास तथा प्रबर्द्धन गर्न केन्द्रीय पर्यटन प्रशासनिक निकायको रुपमा वि.सं. २०३४ सालमा पर्यटन मन्त्रालयको स्थापना भएको हो। वि.सं. २०३९ सालमा निर्माण तथा यातायात मन्त्रालय अन्तर्गतको हवाई विभागलाई समावेश गरी पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय स्थापना गरियो। मुलुकले अवलम्बन गरेको खुला बजारमुखी अर्थतन्त्रमा सरकारको भूमिका र कार्यक्षेत्रलाई व्यवस्थित गर्न वि.सं. २०५५ सालमा पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गतका २ (दुई) वटा विभागहरु हवाई विभाग र पर्यटन विभागलाई खारेज गरी क्रमशः नेपाल नागरिक उड्डयन प्राधिकरण र नेपाल पर्यटन बोर्डको स्थापना गरियो। वि.सं. २०५७ सालदेखि संस्कृति क्षेत्रको समेत कार्य गर्ने गरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको रुपमा अगाडि बढाइयो। पर्यटन उद्योगको व्यवस्थापन, पर्यटन पूर्वाधार विकास, पर्यटकको सुरक्षा लगायत कार्यहरु गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७१ श्रावण २ गतेको निर्णयनुसार मिति २०७१ भाद्रदेखि पर्यटन विभागको स्थापना गरिएको छ।

नेपालको आर्थिक विकासमा पर्यटन क्षेत्रको महत्व बढ्दै गए अनुरुप यसलाई प्रमुख प्राथमिकताको क्षेत्रमा राखिएको, नेपालको सांस्कृतिक विविधता अनुपम रहेकोले यसलाई संरक्षण, विकास र प्रबर्द्धन गर्दै यसको आर्थिक उपयोग एवम् पर्यटनको मुख्य उत्पादन र गन्तव्यको रुपमा विकास गर्न आवश्यक भएको, साथै हवाई सेवाले भौगोलिक विषमतामा यातायात सेवा उपलब्ध गराउनुको अतिरिक्त बाह्य र आन्तरिक रुपमा पहुँच विस्तार भै पर्यटन सेवामा समेत पर्याप्त योगदान पुर्याउने भएकोले यी तीनओटै क्षेत्रलाई एकीकृत रुपमा अगाडि बढाउन एउटै मन्त्रालयको कार्यक्षेत्रमा राखिएको पाइन्छ।

## I. मन्त्रालयको कार्य क्षेत्र

नेपाल सरकारको कार्य विभाजन नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्र देहायबमोजिम रहेको छः

१. संस्कृति, ललितकला, धर्म, सभ्यता र सम्पदा सम्बन्धी नीति, कानून, मापदण्ड
२. पुरातात्विक महत्वका स्थान र प्राचीन स्मारक सम्बन्धी नीति  कानून  मापदण्ड र नियमन
३. राष्ट्रिय संग्रहालय  अभिलेखालय
४. अन्तर्राष्ट्रिय एवं राष्ट्रियस्तरका ऐतिहासिक  पुरातात्विक  धार्मिक एवं सांस्कृतिक महत्वका स्थल एवं विश्व सम्पदा सूचीकृत सम्पदा सम्बन्धी नीति  कानून मापदण्ड  संरक्षण  सम्भार  अध्ययन अनुसन्धान  उत्खनन  पुनर्निर्माण र प्रचार प्रसार

५. प्राकृतिक धार्मिक सांस्कृतिक पुरातात्विक साहसिक पर्यटन सम्बन्धी नीति मापदण्ड र नियमन
६. केन्द्रीयस्तरका प्रज्ञा प्रतिष्ठान सम्बन्धी नीति तथा कानून
७. विदेशी मित्र राष्ट्रहरुसंग भएका सन्धी सम्झौता लगायत राष्ट्रिय महत्वका दस्तावेज संरक्षण
८. पर्यटन सम्बन्धी नीति कानून र मापदण्ड
९. क्यासिनो सम्बन्धी नीति कानून मापदण्ड र नियमन
१०. पर्वतारोहण ट्राभल ट्रेकिङ्ग सम्बन्धी नीति कानून मापदण्ड र नियमन
११. पर्यटन शुल्क निर्धारण सम्बन्धी नीति कानून मापदण्ड र नियमन
१२. भाषा आयोग नेपाल प्रज्ञाप्रतिष्ठान नेपाल ललितकला प्रतिष्ठान तथा नेपाल संगीत तथा नाट्यकला प्रतिष्ठान
१३. पशुपति क्षेत्र विकास कोष लुम्बिनी विकास कोष वृहत्त जनकपुर क्षेत्र विकास परिषद्
१४. विभिन्न जात धर्म जाति सम्प्रदाय भाषा भाषिकाको साहित्य संगीत लिपी कला संस्कृति र चलचित्रको संरक्षण तथा विकास सम्बन्धी नीति कानून र मापदण्ड
१५. निकासी गरिने पुरातात्विक वस्तुहरुको जाँच र अनुमति
१६. वायुयान निर्माण तथा डिजाइन संचालन र मर्मत संभार विमानस्थल निर्माण तथा संचालन एयर नेभिगेसन सेवा तथा उड्डयन तालिम संस्था आदिको इजाजत र नियमन
१७. हवाइभाडा विमानस्थल शुल्क एयर नेभिगेसन सेवाशुल्क र नियमन
१८. वायुसेवा कार्यसंचालन अनुमति इजाजत र उडान अनुमति
१९. नागरिक उड्डयन सम्बन्धी नीति कानून मापदण्ड र नियमन
२०. नागरिक उड्डयन व्यवसाय तथा पेशाविदहरुको अनुमतिपत्र स्तर निर्धारण र नियमन
२१. हवाइ सुरक्षा सम्बन्धी अन्तर्राष्ट्रिय संगठनबाट प्रतिपादित स्तर मापदण्ड मार्गदर्शन र कार्यान्वयन
२२. एयर नेभिगेशन र एयर ट्राफिक सेवा
२३. हवाईक्षेत्र व्यवस्थापन
२४. उड्डयन सेवाको लागि मौसम सम्बन्धी सूचना सेवा
२५. उड्डयन खोज तथा उद्धार कार्यमा सहयोग तथा समन्वय
२६. अन्तर्राष्ट्रिय क्षेत्रीय र आन्तरिक विमानस्थल निर्माण संचालन र व्यवस्थापन
२७. वायुयान दुर्घटना जाँच सम्बन्धी
२८. अल्ट्रालाइट प्याराग्लाइडिङ्ग ह्याङ्गलाइडिङ्ग जस्ता हवाई खेल साहसिक उड्डयन मनोरञ्जनात्मक उड्डयन क्रियाकलाप सम्बन्धी नीति र मापदण्ड
२९. प्रतिलिपी अधिकार सम्बन्धी नीति कानून मापदण्ड कार्यान्वयन र नियमन
३०. मन्त्रालय सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासंग सन्धी सम्झौता अभिसन्धी सम्पर्क र समन्वय
३१. मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको संचालन र नियमन
३२. नेपाल शिक्षा सेवा अन्तर्रगत आर्कियोलजी समूहको संचालन
३३. नेपाल इञ्जिनियरिङ्ग सेवा अन्तर्गत देहायका समूहो संचालनः

क. सिभिल इञ्जिनियरिङ्ग समूह अन्तर्गत एयरपोर्ट उपसमूह

ख. एरोनोटिकल इञ्जिनियरिङ्ग समूह


ग. सिभिल एभिएसन अपरेशन एण्ड इञ्जिनियरिङ्ग समूह ।

३४. **Digital FrameWork Nepal** अन्तर्गत रहेका कार्यक्रम संचालन गर्ने

## 2. कर्मचारी संख्या र विवरण

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको संगठन संरचना देहाय बमोजिम रहेको छ।

चित्र १. संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको संगठन संरचना



## संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको दरवन्दी तेरिज २०७९

| क्र.सं | पद | श्रेणी | सेवा | समूह | उपसमूह | जम्मा कायम दरवन्दी |
|---|---|---|---|---|---|---|
| १ | सचिव | विशिष्ट | | | | १ |
| २ | सहसचिव | रा.प.प्रथम | प्रशासन | | | २ |
| ३ | सहसचिव | रा.प.प्रथम | ईन्जि | सि.ए.अ.इ. | सि.ए.अ | १ |
| ४ | सहसचिव | रा.प.प्रथम | न्याय | कानुन | | ० |
| ५ | सहसचिव | रा.प.प्रथम | शिक्षा | पूरातत्व | | १ |
| ६ | उपसचिव | रा.प.द्वितीय | प्रशासन | सा.प्र. | | ६ |
| ७ | उपसचिव | रा.प.द्वितीय | न्याय | कानुन | | १ |
| ८ | वरिष्ठ तथ्यांक अधिकृत | रा.प.द्वितीय | आ.यो. तथा तथ्यांक | तथ्यांक | | १ |
| ९ | प्रमूख पूरातत्व अधिकृत | रा.प.द्वितीय | शिक्षा | पूरातत्व | | १ |
| १० | प्रमूख लेखा नियन्त्रक | रा.प.द्वितीय | प्रशासन | लेखा | | १ |
| ११ | सि.ए.टि.सि.अ. | रा.प.द्वितीय | ईन्जि | सि.ए.अ.ई. | सि.ए.अ | १ |
| १२ | सि.डि.ई. | रा.प.द्वितीय | ईन्जि | सिभिल | हाइवे | १ |
| १३ | सि.डि.ई. | रा.प.द्वितीय | ईन्जि | एरोनटिकल | | १ |
| १४ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र. | | १० |
| १५ | कानुन अधिकृत | रा.प.तृतीय | न्याय | कानुन | | १ |
| १६ | तथ्यांक अधिकृत | रा.प.तृतीय | आ.यो. तथा तथ्यांक | तथ्यांक | | १ |
| १७ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | | १ |
| १८ | पुरातत्व अधिकृत | रा.प.तृतीय | शिक्षा | पूरातत्व | | २ |
| १९ | कम्प्यूटर अधिकृत | रा.प.तृतीय | विविध | | | ३ |
| २० | ए.टि.सि.अ. | रा.प.तृतीय | ईन्जि | सि.ए.अ.ई. | सि.ए.अ | २ |
| २१ | ई. ईन्जि | रा.प.तृतीय | ईन्जि | ईन्जि.एन्ड टेलिकम | | १ |
| २२ | एरोनटिकल इञ्जि. | रा.प.तृतीय | ईन्जि | एरोनटिकल | | १ |
| २३ | ईञ्जि. | रा.प.तृतीय | ईन्जि | सिभिल | हाइवे | १ |
| २४ | क. ईन्जिनियर. | रा.प.तृतीय | इञ्जि | कम्प्युटर | | १ |
| २५ | पूस्तकालय अधिकृत | रा.प.तृतीय | शिक्षा | पू.वि. | | १ |
| २६ | छविकार | रा.प.तृतीय | शिक्षा | कला | छविकला | १ |
| २७ | ना.सू. | रा.प.अ.प्रथम | प्रशासन | सा.प्र. | | १० |
| २८ | प्राविधिक सहायक | रा.प.अ.प्रथम | शिक्षा | पूरातत्व | पुरातत्व | १ |
| २९ | कम्प्यूटर अपरेटर | रा.प.अ.प्रथम | विविध | | | ४ |
| ३० | लेखापाल | रा.प.अ.प्रथम | प्रशासन | लेखा | | १ |
| ३१ | टा.ना.सू. | रा.प.अ.प्रथम | प्रशासन | सा.प्र. | | ० |
| ३२ | खरिदार | रा.प.अ.द्वितीय | प्रशासन | सा.प्र. | | ० |
| ३३ | ह.स.चा. | श्रेणीविहीन | प्रशासन | सा.प्र. | | ९ |
| ३४ | का. स. | श्रेणीविहीन | प्रशासन | सा.प्र. | | १५ |
| | | | | | जम्मा | ८४ |

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, Phone: 01-4211870 Fax: 4211758, 4211992 *Updte:* २०७९–१२–१४

| पद | नाम, थर | कार्यालय | Int. | मोवाईल नम्बर |
|---|---|---|---|---|
| **मा. मन्त्री** | **सुदन किराती** | ४२११८७९ | ११४ | **९८५११०७७१०** |
| उपस्व.सचिव | नगेन्द्र बहादुर भुजेल | | ११६ | ९८५२०५२०५६ |
| उपस्व.अधि | हेमन्त राई | | ११६ | ९८५२०५२१०८ |
| प्र. सहायक | बेनुप राज खत्री | | ११६ | ९८५१२३६९१७ |
| **मा मन्त्रीज्यूको निजी सचिवालय** | | | | |
| उपसचिव | डा. डिजन भट्टराई | | २०६ | ९८५१२०००३३ |
| शा अ | श्याम कुमार तामाङ | | २०६ | ९८४२९६८५४८ |
| शा अ | कृष्ण प्रसाद भट्टराई | | | ९८४१८८६२८९ |
| क. अ. | प्रवीण सुवेदी | | २०३ | ९८६४९२५०६६ |
| का स | लाल बहादुर खड्का | | २०३ | ९८४१५५४७७४ |
| का स (क) | कल्पना शाही | | २०३ | ९८४९२०१०२० |
| ह स चा | कृष्ण बहादुर बोगटी | | २०३ | ९८६३३२२९७८ |
| **मा. राज्यमन्त्री** | **सुशिला सिर्पाली ठकुरी** | | | **९८५७०२८०५८** |
| उपस्व.सचिव | विष्णुप्रसाद गैरे | | | ९८५१३१६९८० |
| उपस्व.अधि. | पारस कुमार पोखरेल | | | ९८५१००७०७१ |
| प्र. सहायक | सन्ध्या पाण्डे | ४२११६२८ | १४१ | ९८६७२३७७६६ |
| ह स चा | निर्मल कुमार ठकुरी | | | |
| **मा राज्यमन्त्रीज्यूको निजी सचिवालय** | | | | |
| प्रा स | निना राई | ४२११६२८ | १४१ | ९८४९२२७२६२ |
| ह स चा | झलक प्रसाद गौतम | | १४१ | ९८०१८५४२०३ |
| का स | भगवती पाठक | | १४१ | ९८६९०६०६०९ |
| **श्रीमान् सचिवज्यूको सचिवालय** | | | | |
| **सचिव** | **सुरेश अधिकारी** | ४२११८७० | ३०२ | **९८५१२५७३१६** |
| क अधि. | शारदा कुमारी अधिकारी | ४२११८७० | ३०१ | ९८५११९८३७५ |
| क. अ. | विमल ज्ञवाली | | ३०६ | ९८५११९५८५२ |
| ह स चा(क) | हिरा बहादुर भुजेल | | ३०१ | ९८६९७१७४५३ |
| का स (क) | अस्मिता थपलिया | | ३०१ | ९८४९२२०७२६ |
| का स (क) | सुनिता श्रेष्ठ | | ३०१ | ९८०११६९५८१ |
| **प्रशासन तथा योजना महाशाखा** | | | | |
| सहसचिव | राजेन्द्र कुमार के.सी. | ४२११६२० | १६० | ९८५११७१०७३ |
| ना सु | गीता देवी पराजुली | | ४०१ | ९८४१८८०६३४ |
| का.स. (क) | कौशिला श्रेष्ठ | | ४०१ | ९८६७३१७०४४ |
| **प्रशासन शाखा** | | | | |
| उपसचिव | टेकनारायण पौडेल | ४२११६२६ | ४०७ | ९८५११८१३२९ |
| शा अ | टंक बहादुर नेगी | | ४११ | ९८५११७८१७८ |
| शा अ | प्रविनहाङ योङ्गहाङ | | ४११ | ९८४२१६७९६६ |
| शा अ | रिनु थपलिया | | ४०८ | ९८४१७२६५५५ |
| क ईन्जि | प्रदिपराज पौडेल | | ३१० | ९८५११९७४९२ |
| पुस्त.अ. | राजनारायण सिंह | | १२२ | ९८४१८००८०३ |
| ना सु | सरस्वती पौडेल | | ४०९ | ९८४१७३०६३५ |

| पद | नाम, थर | कार्यालय | Int. | मोवाईल नम्बर |
|---|---|---|---|---|
| **आर्थिक व्यवस्थापन शाखा** | | | | |
| प्र.लेखा नि | गणेश प्रसाद चालिसे | ४२११९३९ | ३१९ | ९८५८०२३८०९ |
| ले अ | भुवन प्रसाद आचार्य | ४२११६१४ | ३२१ | ९८४३४९३०८६ |
| ले पा | मधु प्रसाद पैयानी | ४२५६२२८ | ३२१ | ९८४७५९६९६८ |
| ले अ (क) | विष्णु ज्ञवाली | | ३२४ | ९८४१२६२२२८ |
| का स (क) | ज्ञानु लामा | | | ९८४९२५५५४२ |
| **कानून शाखा** | | | | |
| | | | | |
| उपसचिव | पुरुषोत्तम खतिवडा | | ४१६ | ९८४१४५८६६४ |
| का.अधिकृत | सुनिता अर्याल | | ४१६ | ९८४१७०५२०५ |
| **पर्यटन महाशाखा** | | | | |
| सहसचिव | ज्ञानप्रसाद ढकाल | ४२११६६९ | ३१४ | ९८४१८८८७८० |
| क. अ. | अलका लुईटेल | | ३१३ | ९८६२९८०६८५ |
| ना.सु. | किशोर सिग्देल | | ३१३ | ९८४१७११७८८ |
| ह स चा(क) | संजय चौधरी | | | ९८१३७७७००५ |
| का स(क) | प्रेमा देवी खत्री | | ३१३ | ९८४३७५३५६५ |
| **पर्यटन प्रबर्धन शाखा** | | | | |
| उपसचिव | सरोज कुमार पोख्रेल | | ३०९ | ९८४१४३७२२१ |
| शा अ | राजकुमार दुलाल | | ३११ | ९८४११४५११३ |
| शा अ | सुरज अर्याल | | ३११ | ९८४३६०३६६३ |
| शा अ | प्रयाश भट्टराई | | ३११ | ९८५२६८०३६५ |
| ह सचा | विष्णु तामाङ | | | ९८४९०६५२२४ |
| **तथ्यांक तथा अनुसन्धान शाखा** | | | | |
| ब.त.अ | सिताराम घिमिरे | ४२११५९६ | ३१७ | ९८४१४०१९७३ |
| त.अ. | रमा गौतम भण्डारी | ४२११५९६ | ३१७ | ९८५७०६५७०५ |
| **नागरिक उड्डयन महाशाखा** | | | | |
| सहसचिव | बुद्धिसागर लामिछाने | ४२११८४७ | ६०७ | ९८५१२४९०३३ |
| ना सु | लिला रेग्मी | | ६०५ | ९८४१८६०५९३ |
| का स (क) | तारा राई | | ६०१ | ९८४९७७९२२८ |
| **हवाई उद्योग तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखा** | | | | |
| सिएटीसीअ | | | | |
| **हवाई सुरक्षा तथा दुर्घटना जाँच शाखा** | | | | |
| सिडिइए | | | | |
| एरो इ. | तनुजा पोखरेल | | १३२ | ९८०१०५२९१९ |
| एटीसीअ | सुवर्णराज भट्टराई | | ६०६ | ९८४१३५६२४८ |
| क. अधि | नगेन्द्रबहादुर रोका क्षेत्री | | ६०९ | ९८४१८२४३१७ |
| **नागरिक उड्डयन सुपरिवेक्षण शाखा** | | | | |
| सिडिइ सि | | | | |
| इ इञ्जि | अनिल भुजेल | | ६०८ | ९८४१८०५२८३ |
| शा अ | राम बहादुर के.सी. | | | ९८४९२८१०९७ |

| | | | | |
|---|---|---|---|---|
| ना सु | दुर्गा कुमारी खड्का | | ४०९ | ९८४२९२८५९९ |
| अनु.सहायक | शिवराम सापकोटा | | १२३ | ९८४१०९९५४१ |
| खरिदार | रजिना सुब्बा | | ४०८ | ९८०२७५४४६४ |
| ह स चा | मनिबज्र लामा | | | ९८४१८९९१०८ |
| ह स चा | अर्जुन थापा | | | ९८४१२४७२५० |
| ह स चा | एक बहादुर भण्डारी | | | ९८४९९२०३३६ |
| का स(क) | शिवराम साफी | | | ९८६१७२००२७ |
| का स(क) | संगम भट्टराई | | ४०१ | ९८६१२५३५५३ |
| का स(क) | सञ्च ब तामाङ | | १२३ | ९८०८६४७२८३ |
| का स | सुनिता कुचिकार | | | ९८४३५४७४४६ |
| **योजना तथा वैदेशिक सहायता शाखा** | | | | |
| उपसचिव | कृष्ण कुमारी श्रेष्ठ | | ४१७ | ९८४९२२६१२७ |
| शा अ | मनोज अधिकारी | | ४१४ | ९८५१२४६३२९ |
| शा अ | सरोज खनाल | | ४१४ | ९८४९११७९०१ |
| क अधिकृत | हरिकाजी राई | | ४१० | ९८४१२८६१३५ |
| ना सु | सकेन्द्र राई | | | ९८४३३५४२२६ |
| **अनुगमन तथा मूल्यांकन शाखा** | | | | |
| उपसचिव | निराज कुमार खत्री | | ४१२ | ९८४११३७१४० |
| शा अ | महेश विक्रम लागेजु | | १४३ | ९८५१०६६१६९ |
| ना सु | शोभा पराजुली | | १४३ | ९८४१७६२५५१ |
| क. अ. | बबिता बस्नेत | | १४३ | ९८४२६४६१०५ |

| | | | | |
|---|---|---|---|---|
| एटीसीअ | मुकेश डंगोल | | ६०८ | ९८४१६४४७५३ |
| एटीसीअ/ शाअ | सुरेश चन्द्र अधिकारी | | | ९८५१००००६७ |
| क. अ. | तारा गिरी | | | ९८४१५१८२६५ |
| **संस्कृति महाशाखा** | | | | |
| सहसचिव | डा. सुरेश सुरस श्रेष्ठ | ४२११९०९ | ६१५ | ९८४१३६३८३५ |
| का स (क) | आशा घिमिरे | | ६१३ | ९८४९७५५५७३ |
| ह स चा (क) | मनोज राई | | | |
| **संस्कृति शाखा** | | | | |
| उपसचिव | पुण्यमाया गुरागाईं | | १०८ | ९८४९२४६०११ |
| पु अ | जयन्ती श्रेष्ठ | | ६१६ | ९८४१५७९७९० |
| शा अ | नारायण प्र. खनाल | ४२११८४६ | ६२३ | ९८४७८६३०५५ |
| ना सु | हरिमाया पनेरु | | | ९८४१८७३४३० |
| **पुरातत्व तथा सम्पदा शाखा** | | | | |
| प्र पु अ | सुभद्रा भट्टराई | ४२११५९६ | ६१७ | ९८४१३७२७८० |
| शा अ | सुनिता श्रेष्ठ | | ६१८ | ९८५११७३७४४ |
| पु अ | सविता जोशी | | ६२० | ९८४९१६४०१९ |
| छविकार | रामकृष्ण महर्जन | | ६२५ | ९८४१३३८४३८ |
| स.क.अ. | सम्झना पुडासैनी | | | ९८४१६९०४१६ |
| **जिन्सी** | | | | |
| ना सु | अर्जुन श्रेष्ठ | ४२११६१४ | १२१ | ९८४१५०५९१८ |
| का स | देव बहादुर खत्री | | १२१ | ९८४३४९५१७३ |
| IT AMC | नारायण भण्डारी | | | ९८४१२८३९६५ |

## ४. प्रदान गरिने सेवा

- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन सम्बन्धी संघीय नीति, योजनाको तर्जुमा, मापदण्ड र नियमन सम्बन्धी कार्य ।
- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन सम्बन्धी विकास योजना तथा कार्यक्रमहरुको विश्लेषण, छनौट, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन सम्बन्धी कार्य ।
- पर्यटन विकास सम्बन्धी पूर्वाधारहरुको विकास गर्न आवश्यक योजनाहरु कार्यान्वयन सम्बन्धी कार्य ।
- मन्त्रालय र अन्तर्गतका निकायहरुको बजेट तथा कार्यक्रम तर्जुमा, चौमासिक विभाजन सहितको कार्यक्रम स्वीकृति ।
- वैदेशिक सहायता र आन्तरिक स्रोतबाट संचालित आयोजनाहरुको निरीक्षण, अनुगमन तथा मूल्यांकन सम्बन्धी कार्य।
- पर्यटन व्यवसाय सम्बन्धी कार्यको अनुगमन तथा सुपरिवेक्षण सम्बन्धी कार्य ।
- पर्यटन सम्बन्धी सम्भाव्यता अध्ययन, अनुसन्धान, पर्यटकीय स्थलहरुको खोजी, सूचना संकलन, डकुमेन्टेसन र प्रकाशन सम्बन्धी कार्य ।
- पर्यटन प्रबर्द्धनका लागि सरकारी, गैरसरकारी, एवं स्थानीय निकायहरुसँग समन्वय र सहकार्य सम्बन्धी कार्य ।
- पर्यटन प्रवर्द्धनका लागि अन्तराष्ट्रिय जगतसँग सम्पर्क र समन्वय गर्ने कार्य।
- पर्यटन क्षेत्रको लागि आवश्यक पुर्वाधार विकास गर्ने सम्बन्धमा सरकारी, गैरसरकारी, एवं स्थानीय तहहरुसँग समन्वय सम्बन्धी कार्य
- पर्यटन विषयक सम्झौताहरु सम्बन्धी कार्य ।
- पर्यटन सम्बद्ध तथ्याङ्कहरुको संकलन, विश्लेषण र प्रवर्द्धन सम्बन्धी कार्य।
- नागरिक उड्डयन व्यवसाय तथा पेशाविद्हरुको स्तर निर्धारण र नियमन सम्बन्धी कार्य।
- वायुयान निर्माण तथा डिजाइन, संचालन र मर्मत सम्भार, विमानस्थल निर्माण तथा संचालन, एयर नेभिगेसन सेवा तथा उड्डयन तालिम संस्था आदिको मापदण्ड र नियमन सम्बन्धी कार्य।
- हवाइ भाडा, विमानस्थल शुल्क, एयर नेभिगेशन सेवा शुल्क र नियमन सम्बन्धी कार्य।
- वायुसेवा कार्यसंचालन सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन सम्बन्धी कार्य।
- हवाइ सुरक्षा सम्बन्धी अन्तर्राष्ट्रिय संगठनबाट प्रतिपादित स्तर, मापदण्ड, मार्गदर्शन कार्यान्वयन र नियमन सम्बन्धी कार्य।

- एयरनेभिगेसन र एयर ट्राफिक सेवा नियमन सम्बन्धी कार्य।
- उड्डयन सेवाको लागि मौसम सम्बन्धी सूचना सेवा।
- उड्डयन खोज तथा उद्धार कार्यमा सहयोग समन्वय तथा वायुयान दुर्घटना जाँच सम्बन्धी कार्य।
- अन्तर्राष्ट्रिय, क्षेत्रीय र आन्तरिक विमानस्थल निर्माण, सञ्चालन र व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड र नियमन सम्बन्धी कार्य।
- विभिन्न मुलुकहरुसँग हवाईसेवा सम्झौता वार्ता र हवाई सम्झौता सम्बन्धी कार्य ।
- नागरिक उड्डयन सम्बन्धी अन्तर्राष्ट्रिय संघ, संस्था, संगठनसँग सम्पर्क, सहभागिता र ती संगठनबाट पारित महासन्धी/प्रोटोकलहरुको अनुमोदन सम्बन्धी कार्य ।
- वायुसेवाहरुलाई सेवा संचालन अनुमति सम्बन्धी कार्य ।
- निषेधित क्षेत्रमा हवाई उडान र अवतरणको सिफारिश सम्बन्धी कार्य ।
- मौजुदा हवाई रुट र नयाँ स्थापना हुने रुटहरुमा एयर नेभिगेशन सुविधाहरुको पहिचान, समन्वय र निर्णय सम्बन्धी कार्य ।
- भाषा, कला, साहित्य र संस्कृति सम्बद्ध आयोग, कोष, विकास समिति, प्रतिष्ठन, परिषद्हरु सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन सम्बन्धी कार्य।
- विभिन्न धर्म, जातजाती, सम्प्रदाय, भाषाभाषिकाको साहित्य, संगीत, लिपी, कला, संस्कृति र चलचित्रको संरक्षण तथा विकास सम्बन्धी नीति, कानून र मापदण्ड सम्बन्धी कार्य।
- प्रतिलिपी अधिकार सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन सम्बन्धी कार्य।
- संग्रहालय र अभिलेखालय सुदृढीकरण सम्बन्धी नीति, योजना र कार्यक्रमको तर्जुमा एवं कार्यान्वयन सम्बन्धी कार्य।
- अमूर्त साँस्कृतिक सम्पदाको खोज, अध्ययन, संरक्षण, प्रबर्द्धन, सूचीकरण सम्बन्धी कार्य।
- संस्कृतिसँग सम्बद्ध विभिन्न समूह, गुठी संघ संस्थाहरुलाई आवश्यक सहयोग तथा समन्वय सम्बन्धी कार्य ।
- संस्कृति तथा पुरातत्व सम्बन्धी अन्तर्राष्ट्रिय संघ संस्थासंग सन्धि सम्झौता सम्बन्धमा सम्पर्क र समन्वय गर्ने कार्य।
- मन्त्रालय, विभाग वा अन्तर्गतका कार्यालयहरुको लागि आवश्यक जनशक्तिको व्यवस्थापन सम्बन्धी कार्य ।
- मन्त्रालय, अर्न्तगतका निकायहरुको पदपूर्तिका लागि नियुक्ति तथा पदस्थापना, सरुवा, बढुवा, राजिनामा तथा बिभागीय कारबाही सम्बन्धी कार्य ।
- कार्य सम्पादन मूल्यांकन र प्रोत्साही पुरस्कार सम्बन्धी कार्य ।
- नेपाल इञ्जिनियरिङ्ग सेवा अर्न्तगत पर्ने एरोनटिकल इञ्जिनियरिङ्ग समूह र सिभिल एभिएशन अपरेशन इञ्जिनियरिङ्ग समूहको कर्मचारी प्रशासन सम्बन्धी कार्य।
- आर्थिक प्रशासन सम्बन्धी कार्य।
- आवश्यकतानुसार ऐन, नियम, गठन (आदेश), सम्झौता तयार गर्ने सम्बन्धी कार्य ।

## ५. महाशाखा, शाखा र जिम्मेवार अधिकारी

| क्र.सं. | महाशाखा / शाखा | जिम्मेवार अधिकारी |
|---|---|---|
| (क) | प्रशासन तथा योजना महाशाखा | सहसचिव राजेन्द्र कुमार के.सी |
| १ | प्रशासन शाखा | उपसचिव श्री टेकनारायण पौडेल |
| २ | योजना तथा वैदेशिक सहायता शाखा | उपसचिव श्री कृष्ण कुमारी श्रेष्ठ |
| ३ | अनुगमन तथा मूल्यांकन शाखा | उपसचिव श्री निराज कुमार खत्री |
| ४ | आर्थिक व्यवस्थापन शाखा | उपसचिव (लेखा) श्री गणेश प्रसाद चालिसे |
| ५ | कानून शाखा | उपसचिव (कानून) श्री पुरूषोत्तम खतिवडा |
| ६ | जिन्सी शाखा | ना.सु. श्री अर्जुन श्रेष्ठ |
| (ख) | पर्यटन महाशाखा | सहसचिव श्री ज्ञान प्रसाद ढकाल |
| ७ | पर्यटन प्रवर्द्धन शाखा | उपसचिव श्री सरोज कुमार पोखेल |
| ८ | तथ्याङ्क तथा अनुसन्धान शाखा | उपसचिव श्री सीताराम घिमिरे |
| (ग) | नागरिक उड्डयन महाशाखा | सहसचिव श्री बुद्धिसागर लामिछाने |
| ९ | हवाई उद्योग तथा अन्तराष्ट्रिय सम्बन्ध शाखा | उपसचिव श्री |
| १० | हवाई सुरक्षा तथा दुर्घटना जाँच शाखा | एरोनटिकल इन्जिनियर श्री तनुजा पोखरेल<br>एटीसी अफिसर श्री सुवर्णराज भट्टराई |
| ११ | नागरिक उड्डयन सुपरीवेक्षण शाखा | इन्जिनियर श्री अनिल भुजेल |

| | | |
|---|---|---|
| (घ) | संस्कृति महाशाखा | सहसचिव श्री सुरेश सुरेश श्रेष्ठ |
| १२ | संस्कृति शाखा | उपसचिव श्री पुण्यमाया गुरागाईं |
| १३ | पुरातत्व तथा संस्कृति शाखा | उपसचिव श्री सुभद्रा घिमिरे |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

मन्त्रालयका अधिकांश कार्यहरु दस्तुर नलाग्ने र अवधि तोक्न नसकिने प्रकृतिका (नीति, कानून तथा मापदण्ड निर्माण, योजना, बजेट तथा कार्यक्रम तर्जुमा, अनुगमन, मूल्यांकन र नियमन गर्ने) भएको।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

(क) निर्णय प्रक्रिया

- मन्त्रालयले उपलब्ध गराउने सेवा सम्बन्धमा : सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ बमोजिम ।
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमा : उक्त ऐनको दफा ७ बमोजिम ।

(ख) निर्णय गर्ने अधिकारी

- मन्त्रालयले सम्पादन गर्ने नीतिगत एवं अन्य कार्यहरु सम्बन्धमाः मन्त्रिपरिषद्मा प्रस्ताव पठाएर / माननीय मन्त्री स्तरबाट / सचिवस्तरबाट।
- माननीय मन्त्रीबाट प्रत्यायोजित अधिकार बमोजिम।
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ बमोजिम प्राप्त अधिकार बमोजिम।
- सचिवले प्रत्यायोजन गरेको अधिकार बमोजिम तोकिएको कर्मचारीले ।
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गर्ने सूचना सम्बन्धमा सचिवले ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

(क) मन्त्रालयले उपलब्ध गराउने सेवा सम्बन्धमाः प्रचलित ऐन कानूनमा तोकिएको व्यवस्था बमोजिम।

(ख) सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम परेको उजुरी सम्बन्धमाः राष्ट्रिय सूचना आयोग।

## ९. सम्पादन गरेको कामको विवरणः

### (क) संस्कृति प्रवर्द्धन तथा पुरातत्त्व क्षेत्र :-

**प्रमुख उपलब्धीहरू**

- तिलौराकोटलाई विश्वसम्पदा सूचिमा सूचिकृत गर्न प्रक्रियाका सम्बन्धमा चार किल्ला तोकी नक्सा तयार भई संरक्षित स्मारक क्षेत्र घोषणा गर्ने सन्दर्भमा सिमांकन सम्बन्धि कार्य सम्पन्न भइ सोको स्वीकृतिका लागि मन्त्रिपरिषदमा फाइल पठाउने तयारी भइरहेको ।
- संस्कृति नीति २०६७ लाई समयानुकूल परिमार्जन गर्न नीति परिमार्जन समिति गठनको प्रकृया शुरु भएको ।
- प्राचीन स्मारक संरक्षण ऐन २०१३ को छैठौ संशोधनका लागि विधेयक मं. पं. बाट स्वीकृत भई संघीय संसदमा पेश गर्ने तयारि भैरहेको ।
- नेपाल राष्ट्रिय सांस्कृतिक संग्रहालय निमार्ण सम्वन्धमा मौजुदा गुरुयोजनाको पुनरावलोकन गरी आवश्यकतानुसार परिमार्जन र 3D तयार गर्न र उक्त क्षत्रेको DPR तयार गर्न पुरातत्व विभागलाई जिम्मा दिईएको ।
- राष्ट्रिय प्रतिमुर्ति संग्रहालय स्थापना सम्वन्धी अवधारणापत्र (TOR) मा पुन संशोधन गरी स्वीकृतिको क्रममा रहेको ।
- नेपाल र चीन बीच साहित्यिक क्रियाकलापको सहकार्य गर्ने सम्वन्धी समझदारीपत्रमा हस्ताक्षर गर्ने सम्वन्धी कार्य अगाडी बढाईएको ।
- पुरातात्त्विक महत्वका ३१ हजार अभिलेखको डिजिटाइजेसन कार्य सम्पन्न भएको ।
- कपिलवस्तुको जग्गा अधिग्रहणका लागि खरिद गरिने कित्ता नं. एकिन भए अनुसारको आवश्यक कागजात तयार भईरहेको ।
- ७ वटै प्रदेशका महत्वपूर्ण सम्पदाहरु निर्माण तथा संरक्षण कार्य सम्पन्न भएको ।
  - कोशी प्रदेश - बेहेरेश्वर, भद्रेश्वर मन्दिरको पुनःनिर्माण कार्य सम्पन्न ।

- मधेश प्रदेशको जानकी मन्दिरको संरक्षण कार्य सम्पन्न ।
- बागमती प्रदेशको रविभवनस्थित NATHM परिसर भित्र रहेको राणाकालिन भवन संरक्षण कार्यका लागि कार्यदिश दिएको ।
- गण्डकी प्रदेशको मुक्तीनाथ मन्दिर प्रवेशद्धारको दायाँ वायाँको सत्तल सरक्षण गर्ने कार्य सम्पन्न ।
- लुम्बिनी प्रदेशको मजार बाबाको मन्दिर संरक्षण कार्यका लागि कार्यदिश दिएको ।
- कर्णाली प्रदेशको काँक्रिविहार, जुम्लाको कनकासुन्दरी मन्दिरको संरक्षण कार्य ६० प्रतिशत सम्पन्न।
- सुदुरपश्चिम प्रदेशको कार्यक्रमहरुको लागत अनुमान तयार भईरहेको ।

**(ख) पर्यटन क्षेत्र-**

**प्रमुख उपलब्धीहरुः**

- ईन्द्रसरोवर, सन्दकपुर, पञ्चासे, भादागाँउ, निग्लिहवा र धनुषाधामको दोश्रो चरणको निर्माण कार्यको सम्झौता भई कार्य शुरु भएको ।
- प्रदेश तथा स्थानीय तहसँगको लागत साझेदारीमा पर्यटकीय गन्तव्य पूर्वाधार विकास गर्न आयोजना प्रस्ताव आह्वान भई मूल्याङ्कनको चरणमा रहेको ।
- ग्रेट हिमालयन ट्रेल (मकालु, कञ्चनजङ्गा, यार्सट्रिल, चछो रोल्पा लगायतका क्षेत्रमा १०० किमी) निर्माण कार्य ३० प्रतिशत सम्पन्न भई थप ५० कि.मी. निर्माण सम्पन्न भएको ।
- मुक्तिनाथ क्षेत्रको आनि गुम्बा निर्माण, कागबेनीको पिण्डस्थान पुनर्निर्माणको प्रथम चरणका कार्य ३० प्रतिशत सम्पन्न ।
- त्रिभुवन विश्वविध्यालय अन्तर्गतको केन्द्रीय भूगर्ब विभाग, किर्तिपुर परिसर भित्र अथवा खानी तथा भूगर्भ बिभाग, लैनचौर परिसर भित्र मध्ये कुनै एकमा Geo Park स्थापना गर्न सम्भाव्य स्थान पहिचान गरिएको।
- Sustainable Tourism for livelihood Recovery अवधारणा पत्र तथा परियोजना दस्तावेज तयार भएको ।
- पर्यटन सम्बन्धी विभिन्न संघसंस्था आवद्ध करिव ६०० जना कर्मचारीहरुलाइ Health Hygiene and Sanitation Protocol (HHS Protocol) सम्वन्धि तालिम प्रदान गरिएको ।
- विदेशस्थित कुटनितिक नियोग र दुतावासहरुवाट Travel , Trade, Media तथा Bloggers सम्वन्धि data base संकलनका लागि पत्राचार गरिएको ।
- विद्यमान सम्पूर्ण पर्यटन शुल्कहरुलाई एकद्वार प्रणाली मार्फत संञ्चालन गर्ने प्रारम्भिक प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गरिएको ।
- केन्द्रीय तथ्यांक बिभागको सहकार्यमा आन्तरिक पर्यटन सम्बन्धी घरधुरी सर्भेक्षणको प्रश्नावालीको पूर्व परीक्षण सम्पन्न भएको ।
- समग्र भूगोलको (Digital Data Base ) भू सूचना प्रणाली मार्फत तथ्यांक व्यवस्थापन कार्यक्रम नेपालमा भएका विश्वविधालय मार्फत कार्यन्वयन गर्न प्रक्रिया थालनी गरिएको ।
- १२ वटा पर्यटक श्रोत बजारहरुको अध्ययन गरि Ways Forward and Proposed Action plan in present context प्रतिबेदन तयार गरिएको ।

**(ग) नागरिक उड्डयन क्षेत्र–**

**मुख्य प्रमुख उपलब्धीहरुः**

- B-757 9N ACB विमान विस्थापन कार्यका लागि M/S CSDS कम्पनीलाई बिक्रि गर्न छनौट गरी सम्झौता गर्ने कार्य अन्तिम चरणमा पुगेको ।
- Transit Cargo Carry सेवा सुरु गर्नका लागि License लिने कार्य प्रक्रियामा रहेको ।
- चिनीया जहाजको व्यवस्थापन सम्बन्धमा विभिन्न विकल्पहरुमा छलफल भइरहेको ।

- हवाई सेवाको अन्तर्राष्ट्रिय स्तर कायम राख्नको निमित्त ICAO को Security Findings समाधानका लागि ICAO बाट स्वीकृत Corrective Action Plan (CAP) अनुसार कार्य भैरहेको ।
- हवाई सुरक्षा सम्बन्धी विभिन्न DOC संशोधन प्रक्रिया शुरुवात भएको ।
- Nepal Aviation Safety Plan (NASP) को परिमार्जनको क्रममा draft तयार गरी Finalization को तयारीमा रहेको ।
- धनगढी विमानस्थलमा हवाई पथप्रदर्शन प्रणाली (VOR/DME) जडान भएको र चन्द्रगढी बिमानस्थलमा हवाई पथप्रदर्शन प्रणाली (VOR/DME) जडानको लागि कार्य सुचारु रहेको ।
- नेपालगंज र विराटनगर विमानस्थलमा ATC Console उपकरण जडान कार्य सम्पन्न भई सकेको तथा थामखर्क, दाङ्ग, राजविराज, बलेवा, सिमिकोट, रारा, फाप्लु, डोटी, साँफेबगर, रुम्जाटार विमानस्थलहरुको कार्य सुचारु रहेको ।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई बुटिक एयरपोर्टको रुपमा रुपान्तरण गर्ने कार्य अन्तर्गत बगैचा निर्माणको कार्य सम्पन्न, टर्मिनल भवनमा Silicon Painting को कार्य सम्पन्न, Baggage Claim Area मा कलात्मक मुर्तिहरु राखिएको, आगमन तर्फ एप्रोन नजिकै बुद्धको धातुको ठुलो मुर्ति राखिएको ।

| मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि |
|---|---|
| इलाम, गुल्मी र डोल्पा विमानस्थाल निर्माण तथा परिक्षण उडान गर्ने | • गुल्मीको सिमिचौर विमानस्थल निर्माण कार्य चालु रहेको।<br>• डोल्पाको मासिनेचौर विमानस्थल निर्माण कार्य चालु रहेको । |
| अर्घाखाँची विमानस्थल निर्माण | • अर्घाखाँची विमानस्थलको धावनमार्ग, ट्याक्सिवे, एप्रोन कालोपत्रे तथा ड्रेनेजको ठेक्का सम्झौता सम्पन्न भई निर्माण कार्य सुरु। |
| जनकपुर र राजविराज विमानस्थल स्तरोन्नती | • जनकपुर विमानस्थलमा चेनलिङ्क फेन्सिङको काम सम्पन्न, रनवे ग्रडिङ्ग ड्रेनेज मर्मत तथा अन्य कार्य भईरहेको।<br>• राजविराज विमानस्थलमा धावनमार्ग कालोपत्रे गर्ने कार्य सम्पन्न। ड्रेनेज निर्माण तथा अन्य कार्य भईरहेको। |
| तुम्लिङटार विमानस्थल स्तरोन्नती | तुम्लिङटार विमानस्थलको नयां टर्मिनल टावर भवन निर्माण कार्य चालु रहेको। Structure को काम सम्पन्न भई Finishing को काम हुदै। |
| वैतडी पाटन विमानस्थल स्तरोन्नती | बैतडी पाटन विमानस्थलमा ठेक्का सम्झौता सम्पन्न भई निर्माण कार्य सुरु। Foundation तथा Tie Beam को काम सम्पन्न। |
| नेपालगञ्ज र विराटनगर विमानस्थल स्तरोन्नती | नेपालगंज र बिराटनगर विमानस्थलमा नयाँ टर्मिनल भवन निर्माणको लागी टेण्डरको काम अन्तिम चरणमा। |
| दाङको नारायणपुर विमानस्थल निर्माण गर्ने | दाङ्गको नारायणपुर विमानस्थल निर्माण कार्य गर्नको लागि Detail Feasibility Study अन्तिम चरणमा रहेको। |
| चुहानडाँडा विमानस्थल निर्माण | Detailed Feasibility Study को प्रारम्भिक तयारी हुदैं। |
| गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल आयोजनामा Cargo Building देखि Apron सम्मको सडक निर्माण गर्ने | लागत अनुमान तयार भईरहेको । |
| गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थलमा periphery Road निर्माण गर्ने | लागत अनुमान तयार भईरहेको । |

| | |
|---|---|
| गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थलको पुरानो Runway लाई Rehabilitation गरि नयाँ parallel Taxiway निर्माण गर्ने | बोलपत्र मुल्याङ्कन अन्तिम चरणमा रहेको ।(Technical Evaluation भइसकेको र Financial Evaluation) |

**यस अबधिमा जारी गरिएका/स्वीकृत भएका/संशोधन भएका ऐन, नियमावली, कार्यबिधि, मापदण्ड तथा निर्देशिकाहरुको विवरणः**

| क्र.सं. | विवरण | नयाँ/संशोधन |
|---|---|---|
| १ | पर्वतीय प्रशिक्षण विकास समितिको गठन (पाचौं संशोधन) आदेश, २०७९ | संशोधन |
| २ | नेपाल पञ्चाङ्ग निर्णायक समिति (गठन) आदेश, २०७७ स्वीकृत भएको । | नयाँ |
| ३ | आदिकवि भानुभक्त जन्मस्थल विकास समिति (गठन) आदेश, २०७७ स्वीकृत भएको । | नयाँ |
| ४ | केचना कञ्चनजंघा पर्यटन विकास समिति (गठन) आदेश, २०७७ स्वीकृत भएको । | नयाँ |

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पद

(क) प्रमुखको नामः सचिव श्री सुरेश अधिकारी

(ख) सूचना अधिकारीको नामः उपसचिव श्री टेक नारायण पौडेल

## ११. सम्बन्धित नीति, ऐन, नियम, गठन आदेश, विनियम वा निर्देशिकाको सूची

**नीतिहरुः**

- पर्यटन नीति, २०६५
- राष्ट्रिय हवाई नीति, २०६३
- राष्ट्रिय संस्कृति नीति, २०६७

**ऐनहरुः**

- प्राचीन स्मारक संरक्षण ऐन, २०१३
- गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५
- नेपाल वायुसेवा निगम ऐन, २०१९
- पर्यटन ऐन, २०३५
- लुम्विनी विकास कोष ऐन, २०४२
- पशुपति क्षेत्र विकास कोष ऐन, २०४४
- अभिलेख संरक्षण ऐन, २०४६
- नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४
- नेपाल सङ्गीत नाट्य प्रतिष्ठान ऐन, २०६४
- नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ऐन, २०६४
- नेपाल पर्यटन वोर्ड ऐन, २०५३
- नेपाल नागारिक उड्डयन प्राधिकरण ऐन, २०५३
- वृहत्तर जनकपुर क्षेत्र विकास परिषद ऐन, २०५५
- प्रतिलिपि अधिकार ऐन, २०५९

**नियमहरुः**

- होटल, लज, रेष्टुराँ वार तथा पथ प्रदर्शक नियमावली, २०३८
- ट्राभल र ट्रेकिङ्ग एजेन्सी नियमावली, २०६२
- जलयात्रा नियमावली, २०६३

- अभिलेख संरक्षण नियमावली, २०६३
- गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) नियमावली, २०५२
- प्राचीन स्मारक संरक्षण नियमावली, २०४६
- पर्वतारोहण सम्बन्धी नियमावली, २०५९
- प्रतिलिपि अधिकार नियमावली, २०६१
- नेपाल पर्यटन बोर्ड नियमावली, २०५५
- नेपाल नागरिक उड्डयन प्राधिकरण नियमावली, २०५८
- विमानस्थल दस्तुर नियमावली, २०३८ खारेज गर्ने नियमावली २०६७
- क्यासिनो नियमावली, २०७०
- गैर सैनिक हवाई उडान (दुर्घटना जाँच) नियमावली, २०७१
- नागरिक उड्डयन सुरक्षा नियमावली, २०७३

## गठन आदेशहरुः

- नेपाल पर्यटन तथा होटल व्यवस्थापन समिति (गठन) आदेश, २०२९
- तारागाउं विकास समिति (गठन) आदेश, २०३४
- देवघाट क्षेत्र विकास समिति (गठन) आदेश, २०५०
- आदिकवि भानुभक्त जन्मस्थल विकास समिति (गठन) आदेश, २०७७
- वुढानिलकण्ठ क्षेत्र विकास समिति (गठन) आदेश, २०५३
- मनकामना क्षेत्र विकास समिति (गठन) आदेश, २०५३
- वौद्धनाथ क्षेत्र विकास समिति (गठन) आदेश, २०५३
- बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७५
- पाटन संग्रहालय विकास समिति (गठन) आदेश, २०५३
- पाथीभरा क्षेत्र विकास समिति (गठन) आदेश, २०५३
- हलेसी महादेवस्थान विकास समिति (गठन) आदेश, २०५३
- पर्वतीय प्रशिक्षण विकास समिति (गठन) आदेश, २०५९
- विराट क्षेत्र पर्यटन प्रबर्द्धन विकास समिति (गठन) आदेश, २०६६
- वृहत्तर वराहक्षेत्र विकास समिति (गठन) आदेश, २०६६
- हनुमानढोका दरवार संग्रहालय विकास समिति (गठन) आदेश, २०६७
- नेपाल पञ्चाङ्ग निर्णायक समिति (गठन) आदेश, २०७७
- आदिकवि भानुभक्त जन्मस्थल विकास समिति (गठन) आदेश, २०७७
- केचना कञ्चनजंघा पर्यटन विकास समिति (गठन) आदेश, २०७७
- नारायणहिटी दरबार संग्रहालय तथा गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालन विकास समिति (गठन) आदेश, २०७६

## निर्देशिका तथा कार्यविधिहरु

- प्राचीन स्मारक संरक्षण सम्बन्धी कार्यविधी, २०६४
- नागरिक उड्डयनसंग सम्बन्धित संस्थालाई ईजाजत दिने सम्बन्धी कार्यविधि, २०६६
- *(मन्त्रिस्तरीय मिति २०७२।१२।१६ को निर्णयानुसार थप र संशोधित )*
- होमस्टे संचालन कायर्विधि, २०६७
- पर्यटक यातायात सेवा व्यवसाय दर्ता तथा सञ्चालन कार्यविधि,२०६८
- सय जनाभन्दा बढी विदेशी पर्यटक भित्र्याउने अनुदान कार्यविधि, २०६८
- महाकवि देवकोटा पुरस्कारसम्बन्धी कार्यविधि
- एकतारे होटल देखि पाँच तारे डिलक्स स्तरसम्मका होटल र पर्यटक आवास (रिसोर्ट) सम्बन्धी मापदण्ड

- पुष्पलाल राष्ट्रिय पुरस्कार मापदण्ड तथा कार्यविधि (संशोधन सहित) २०६९
- पर्यटन उद्योग सेवा प्रवाह निर्देशिका,२०७०
- पर्वतारोहण रोयल्टी बाँडफाँड तथा परिचालन निर्देशिका, २०७०
- उपभोक्ता समितिबाट पर्यटन पुर्वाधार बिकास निर्माणसम्बन्धी कार्य गराउने कार्यविधि, २०७१ (संशोधन सहित)
- कम उचाई हिमालचुलीको आरोहण अनुमति प्रदान गर्ने सम्बन्धी निर्देशिका, २०७२
- राष्ट्रिय प्रतिभा पुरस्कार कार्यविधि तेस्रो संशोधन सहित २०७२
- दुर्गम क्षेत्रका हवाई उडानमा भाडा सहुलियत प्रदान गर्ने सम्बन्धी मापदण्ड, २०७३
- कार्य सम्पादन व्यवस्थापन निर्देशिका, २०७३
- आन्तरिक व्यवस्थापन निर्देशिका, २०७३
- भेटीघाटी व्यवस्थापन निर्देशिका, २०७३
- विदा पर्यटन कार्यविधि,२०७३
- पर्यटनसँग सम्वद्ध व्यक्ति तथा संस्थालाई सम्मान गर्ने सम्वन्धी कार्यविधि, २०७३
- भगत सर्वजित मानव मर्यादा राष्ट्रिय पुरस्कार मापदण्ड तथा कार्यविधि, २०७३
- सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड,२०७३
- पर्यटकहरुको आवागमनलाई ब्यबस्थित गर्ने सम्बन्धि मापदण्ड, २०७७
- विदेशबाट नेपाल आगमन हुने यात्रुहरूको व्यवस्थापनसम्बन्धी आदेश, २०७८

## १२. पर्यटकीय तथ्याँक: सन् २०२२

**FACT SHEET 1**

| Indicators | 2021 | 2022 |
|---|---|---|
| **Tourist Arrival by:** | | |
| Air | 150625 | 592631 |
| Land | 337 | 22238 |
| Total | 150962 | 614869 |
| **Average Length of Stay** | 15.5 | 13.1 |
| **Sex:** | | |
| Male | 105410 | 358683 |
| Female | 45552 | 256012 |
| others | 0 | 174 |
| **By Age groups:** | | |
| 0-15 years | 11142 | 48664 |
| 16-30 years | 30713 | 121096 |
| 31-45 years | 64164 | 208299 |
| 46-60 years | 35351 | 155985 |
| 60+ years | 9036 | 78660 |
| Not Specified | 556 | 2165 |
| **Top Five Country of Nationality:** | | |
| Rank 1 | India | India |
| Rank 2 | USA | USA |
| Rank 3 | UK | UK |
| Rank 4 | China | AUSTRALIA |
| Rank 5 | BANGLADESH | BANGLADESH |
| **Purpose of Visit:** | | |
| Holiday/Pleasure | 100843 | 397820 |
| Pilgrimage | 11172 | 79146 |
| Trekking & Mountaineering | 15549 | 61701 |
| Others | 23398 | 76202 |

FACT SHEET 2

| Indicators | 2021 | 2022 |
|---|---|---|
| Tourist Arrival by Major Five Airlines: | | |
| Rank 1 | Qatar Airways | Qatar Airways |
| Rank 2 | Nepal Airlines | Nepal Airlines |
| Rank 3 | Himalaya Airlines | Himalaya Airlines |
| Rank 4 | Fly Dubai | Fly Dubai |
| Rank 5 | Air Arabia | Indigo Air |
| Mountaineering Expedition: | | |
| Total Team | 762 | 1952 |
| Total Person | 3446 | 8468 |
| Royalty to Government (Rs.' 000) | 635249 | 703429 |
| Revenue from Tourism: | | |
| Total Earning(US$ ' 000) | 112509 | 326282 |
| Average expenses per Visitor per day ( US$) | 48 | 40.5 |
| Tourism Related Enterprises : | | |
| Hotel (star) | 162 | 173 |
| Hotel ( Non star) | 1183 | 1228 |
| Beds (total) | 48775 | 53365 |
| Travel Agencies | 3801 | 4773 |
| Trekking Agencies | 2821 | 3136 |
| Tourist Guide | 4557 | 4975 |
| Trekking Guide | 19166 | 25483 |

FACT SHEET 3

| **Indicators** | **2021** | **2022** |
|---|---|---|
| **Places Visited:** | | |
| National Parks and Wildlife Reserve | 11847 | 75608 |
| Pashupati Area(excluding Indian) | 3190 | 55204 |
| Lumbini(excluding Indian Tourists) | 1197 | 23942 |
| Manaslu Trekking | 908 | 5890 |
| Mustang Trekking | 362 | 3387 |
| HumlaTrekking | 148 | 1442 |
| Lower Dolpa Trekking | 168 | 786 |
| Kanchanjunga Trekking | 137 | 858 |
| Upper Dolpa Trekking | 75 | 492 |
| **International Airlines Movement:** | | |
| Arrival | 5882 | 12158 |
| Departure | 5878 | 12154 |
| **Total** | 11760 | 24312 |

## १३. मन्त्रालय शाखागत इमेल बिबरण:

1. monitoring@tourism.gov.np
2. planning@tourism.gov.np
3. aviation@tourism.gov.np
4. promotion@tourism.gov.np
5. admin@tourism.gov.np
6. account@tourism.gov.np
7. it@tourism.gov.np
8. user: info@tourism.gov.np
9. complain@tourism.gov.np
13. kharid@tourism.gov.np
14. secretary@tourism.gov.np
15. law@tourism.gov.np
16. information@tourism.gov.np
17. culture@tourism.gov.np

## १४। आर्थिक वर्ष २०७९/८० अर्धवार्षिक कार्यसम्पादन प्रतिवेदन २०७९ साउन-पुष

नेपाल सरकार

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

प.सं.

च.नं.

मन्त्रालयको आ.ब.०७९।८० को पौषमसान्तसम्मको बजेट र खर्चको अवस्था

| सि.नं. | बजेट उपशीर्षक नं. | उपशीर्षकको नाम | बजेट | खर्च | कैफियत |
|---|---|---|---|---|---|
| १ | ३२५०००११४ | संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ९,२००,००० | ५३८८९७.०० | पूँजिगत |
| २ | ३२५०००११३ | संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ११४०००००० | ४१४०८७५३.७९ | चालु |
| ३ | ३२५००१०१३ | पर्वतीय पर्यटन तथा पर्यटन प्रवर्द्धन आयोजना | ६९००००० | १०००८२५.०० | चालु |
| ३ | ३२५००१०१४ | पर्वतीय पर्यटन तथा पर्यटन प्रवर्द्धन आयोजना | २५००००० | ०.०० | पूँजिगत |
| ४ | ३२५००१०३४ | संस्कृति प्रवर्द्धन कार्यक्रम | १०,०००,००० | ०.०० | पूँजिगत |
| ५ | ३२५००१०३३ | संस्कृति प्रवर्द्धन कार्यक्रम | ३९,८,७००,००० | १६४८२२३४.०० | चालु |
| ६ | ३२५०११०६३ | पर्यटन पूर्वाधार विकास आयोजना | २७,२५२,१५६ | ५८३५३१.०० | चालु |
| | ३२५००१०६४ | पर्यटन पूर्वाधार विकास आयोजना | १००,००० | ०.०० | पूँजिगत |
| ७ | ३२५००१०२४ | दक्षिण एशिया पर्यटन पूर्वाधार विकास आयोजना | | | पूँजिगत |
| ८ | ३२५००१०२३ | दक्षिण एशिया पर्यटन पूर्वाधार विकास आयोजना | | | चालु |
| | ६०१०००१६३ | औषधि उपचार | २,५४०,७१९ | २५४०७१९.०० | चालु |
| | ६०१०००१२३ | उपदान | १,६०२,४८६ | १६०२४८६.०० | चालु |
| | ६०१०००१३३ | सञ्चित विदा | २,७८५,४९२ | २७८५४९२.०० | चालु |
| | | जम्मा | ५७५,५८०,८५३ | ६६९,४२९३७.७९ | |

## १५। आ.व. २०७९।८० को दोस्रो त्रैमासिकसम्मको खर्च स्थितिः

| खर्च शीर्षक | बजेट रू लाखमा | | खर्च प्रतिशत |
|---|---|---|---|
| | वार्षिक विनियोजन | खर्च | |
| चालु | ३०६४७.५२ | १००२३.४४ | ३२.७१ |
| पूँजीगत | ३८१०४.०० | ५०५६.९८ | १३.२७ |
| वित्तीय | १२२४५३.०० | ३८०३.२५ | ३.११ |
| **जम्मा** | **१९१२०४.५२** | **१८८८३.६७** | **९.८७** |

विनियोजन रू : १९ अर्व १२ करोड ४ लाख

खर्च रू : १ अर्व ८८ करोड ८३ लाख

१६। **पहिलो प्राथमिकता प्राप्त (P1) कार्यक्रमहरुको दोस्रो त्रैमासिकसम्मको प्रगति**

| सि.नं. | आयोजना/कार्यक्रम | विनियोजित बजेट | प्रगति (%) | | प्रगति कम हुनका कारणहरु |
|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तीय | |
| १ | पुरातात्विक स्थल संरक्षण आयोजना | ६ करोड ४८ लाख | ८३.९६ | ५४.५३ | |
| २ | विश्व सम्पदा क्षेत्र संरक्षण आयोजना | ९ लाख | ८५.८४ | ५३.१८ | |
| ३ | नेपाल नागरिक उड्डयन प्राधिकरण | ४५ करोड ९० लाख | ५०.४१ | ६.५२ | दोस्रो त्रैमासिकसम्ममा लक्ष्य अनुरूप भौतिक प्रगति भए तापनि खर्च नहुने कार्यहरू जस्तै बोलपत्र आह्वान, निर्माण कार्य शुरू, प्रारम्भिक अधिकारी तोक्ने, साइट क्लियरेन्स (महेन्द्रनगर विमानस्थल) जस्ता कार्यहरू सम्पादन गरिएकाले वित्तीय प्रगति कम देखिएको। |
| ४ | पर्यटन पूर्वाधार विकास कार्यक्रम | २६ करोड २८ लाख | ९५.०९ | ३४.०५ | |
| ५ | पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल | १ अर्ब १० करोड | ९९ | ८२.३३ | (मिति २०७९/९/१७ गते सम्माननीय प्रधानमन्त्रीज्यूबाट विमानस्थलको समुद्घाटन भएको) |
| ६ | निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, बारा | ७ करोड | ० | २.५७ | सम्मानीत सर्वोच्च अदालतको फैसला बमोजिम नेपाल सरकार समक्ष विज्ञ समूहबाट प्रतिवेदन पेश भएकोमा सो सम्बन्धमा निर्णय प्राप्ति भए पश्चात कार्यप्रक्रिया अगाडि बढाउन सकिने। |
| ७ | पशुपति क्षेत्र विकास कोष | १२ करोड ८२ लाख | ६५ | ४७.४० | दक्ष प्राविधिक जनशक्तिको अभाव र पुरातात्त्विक निर्माण सामाग्री समयमा उपलब्ध नभएको। |
| ८ | लुम्बिनी विकास कोष | ३४ करोड ५५ लाख | ६०.४१ | ४५.६९ | लुम्बिनी गुरुयोजनाका बाँकी कार्यहरु, भवन, स्युरेज, ड्रेनेज, सडक, रिभर डाइभर्सन, ल्याण्डस्केप एण्ड व्युटिफिकेशन, नहर लगायतका कार्यहरुको दोस्रो फेजको बोलपत्र आव्हान भएकोमा चालु आर्थिक वर्षको लागि बजेट अभाव हुने देखिएको। |

१७। **दोस्रो प्राथमिकता प्राप्त (P2) कार्यक्रमहरुको दोस्रो त्रैमासिकसम्मको प्रगति**

| सि.नं. | आयोजना/कार्यक्रम | विनियोजित बजेट | प्रगति (%) | | प्रगति कम हुनका कारणहरु |
|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तीय | |
| १ | हवाइ यातायात क्षमता अभिवृद्धि आयोजना (व.शि.नं. ५०१२५१०२) | १५ करोड | ३५ | ३५ | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा माटो ढुवानीमा समस्या रहेको। |
| २ | हवाई सुरक्षा तथा हवाई व्यवस्थापन कार्यक्रम | ४७ लाख | २५ | १३.२१ | • केही कार्यक्रमहरूको भुक्तानी प्रक्रियामा रहेकाले वित्तीय प्रगति कम भएको। |
| ३ | संस्कृति प्रवर्द्धन कार्यक्रम | १० करोड १७ लाख | ४८ | १६.२० | कार्यान्वयन प्रक्रियामा रहेकाले उल्लेख प्रगति हुन नसकेको। |
| ४ | दक्षिण एशिया पर्यटन पूर्वाधार विकास आयोजना | २ अर्ब २० करोड | १०० | ९८ | आयोजना मार्च ३१, २०२२ मा सम्पन्न भई अक्टोबर ३१, २०२२ मा Financial Closure समेत भएको। |

## १८। कार्यक्रम तथा आयोजनाहरुको समग्र भौतिक प्रगति स्थिति

| प्राथमिकता | ८०% भन्दा माथि प्रगति भएका | ५०% देखि ८०% सम्म प्रगति भएका | ५०% भन्दा कम भएका |
|---|---|---|---|
| पहिलो प्राथमिकता प्राप्त (P1) आयोजना | ४ | ३ | १ |
| दोस्रो प्राथमिकता प्राप्त (P2) आयोजना | १ | ० | ३ |
| जम्मा | ५ | ३ | ४ |

## १९। मन्त्रालय र मातहतका निकायहरुको प्रगति

| सि.नं. | आयोजना/कार्यक्रम | विनियोजित बजेट | प्रगति | |
|---|---|---|---|---|
| | | | भौतिक | वित्तीय |
| १ | संस्कृति, पर्यटन तथा नागरिक उ. मन्त्रालय | ४ करोड १९ लाख | ४९ | ३४.०६ |
| २ | पर्यटन विभाग | ८ करोड ७६ लाख | ९३.४३ | ५८.७० |
| ३ | पुरातत्त्व विभाग | १६ करोड ४४ लाख | ९१.७१ | ७१.१९ |
| ४ | राष्ट्रिय अभिलेखालय | १ करोड १७ लाख | ९७.४७ | ८७ |
| ५ | राष्ट्रिय संग्रहालय | १ करोड १४ लाख | ७४ | ६८ |
| ६ | नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय | ६७ लाख | ४० | ४०.०८ |
| ७ | नेपाल प्रज्ञा प्रतिष्ठान | ६ करोड २६ लाख | ७४.७४ | १०० |
| ८ | नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान | २ करोड २० लाख | ९४.९२ | ४५.५९ |
| ९ | नेपाल संङ्गित तथा नाट्य प्रज्ञा प्रतिष्ठान | २ करोड ६४ लाख | ८२.६२ | ८८.७८ |
| १० | सांस्कृतिक संस्थान | ६० लाख | ७५ | ८६ |
| ११ | नारायणहिटी दरबार संग्रहालय | ४ करोड ६६ लाख | ८८.९० | ८७.२९ |
| १२ | भाषा आयोग | २ करोड १२ लाख | ६५.७६ | ६०.५७ |
| १३ | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति | १ करोड ७८ लाख | ६६.६७ | ६४ |
| १४ | नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान | १ करोड ६ लाख | ५३.३३ | ५३.३३ |
| १५ | नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान | २ करोड १ लाख | ८४.०७ | ४४.५४ |
| १६ | क्षेत्रीय संग्रहालयहरु(कपिलवस्तु) | ३० लाख | ९५ | ९२.४६ |
| १७ | जातीय संग्रहालय (गोरखा, मुद्रा र धातुकला संग्रहालय) | १ करोड ११ लाख | ९१ | ८२.७७ |
| १८ | ऐतिहासिक दरवारहरु (गोरखा, हनुमानढोका, नुवाकोट र पाटन दरवार) | ३ करोड ७६ लाख | ८९ | ८४.६८ |
| १९ | राष्ट्रिय कला संग्रहालय भक्तपुर | १ करोड १२ लाख | ४६.०४ | ५७.५० |
| २० | स्मारक संरक्षण तथा दरवार हेरचाह कार्यालय भक्तपुर | ५४ लाख | ८० | ७३ |
| २१ | तारागाउँ विकास समिति | १ करोड ६९ लाख | ८२.३३ | ८२.३३ |

## २०। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको समष्टिगत प्रगति सारांश

| सि. नं. | कार्यक्रम तथा आयोजना | २०७७/७८ सम्मको अवस्था | २०७८/७९ को सम्मको प्रगति | २०७९/८० को दोस्रो त्रैमासिक सम्मको प्रगति |
|---|---|---|---|---|
| १. | प्रति पर्यटक प्रतिदिन खर्च (डलर) | ६५ | ४८ (२०२१) | ४८ (२०२१) |
| २. | प्रति पर्यटक औसत बसाई (दिन) | १५।१ | १५.५(२०२१) | १५.५(२०२१) |

| | | | | |
|---|---|---|---|---|
| ३. | सासेक-हवाई यातायात क्षमता अभिवृद्धि आयोजना, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल (T2) तथा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल विस्तार तथा स्तरोन्नति (प्रतिशत) | - | - | २.५५ |
| ४. | पोखरा अन्तर्राष्ट्रिय विमानस्थल (प्रतिशत) | ८१ | ९८ | ९९ |
| ५. | सम्पदा पुनःनिर्माण (संख्या) | ५८९ | ६७३ | ६९९ |
| ६. | पर्यटक आगमन (जना) | २,३०,०८५ (सन् २०२०) | १,५०,९६२ (सन् २०२१) | ६,१४,८६९ (सन् २०२२) |
| ७. | सञ्चालनमा रहेका विमानस्थल (वटा) | ३५ | ३२ | ३० |
| ८. | बर्षैभरि सञ्चालन योग्य विमानस्थल (वटा) | ३७ | ३७ | ३७ |
| ९. | रात्रीकालीन उडान सञ्चालनमा आएका विमानस्थल (वटा) | ८ | ८ | ९ |
| १०. | नेपाल आउने अन्तर्राष्ट्रिय विमान सेवा (वटा) | २७ | २२ (२०२१) | २९ |
| ११. | पर्यटकस्तरका होटल (संख्या) | १३१३ | २८९ | ७ |
| १२. | निर्मित नयाँ पदमार्गको लम्बाई (GHT समेत) (कि.मी.) | २२८ | २०० | ९० |

## २१। आर्थिक वर्ष २०७९/८० दोस्रो त्रैमासिकसम्मको वेरूजु फछ्यौट प्रगति विवरण

| सि.नं. | कार्यालय | आर्थिक वर्ष २०७९/८० मा फर्छ्यौट गर्नुपर्ने वेरूजु | वेरूजु फर्छ्यौट सम्परीक्षण गर्नका लागि म.ले.प.मा पेश |
|---|---|---|---|
| १. | सरकारी कार्यालयतर्फ | १५१००६४ | १७७३३९ |
| २. | समितितर्फ | २००४४२४ | १४०३२१ |

## २२। २०७९ श्रावणदेखि २०७९ पुस मसान्तसम्मको गुनासो व्यवस्थापनको स्थिति

| निकाय | जम्मा गुनासो | फछ्यौंट संख्या | फछ्यौंट प्रतिशत |
|---|---|---|---|
| अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ११९ | ६० | ५०.४२ |
| राष्ट्रिय सतर्कता केन्द्र | ६ | ३ | ५० |
| हेलो सरकार र अन्य | ८ | १ | १२.५ |
| जम्मा | १३३ | ६४ | ४८.१२ |

## २३। क्षेत्रगत प्रमुख उपलब्धिहरू

क. पर्यटन

१. सगरमाथा आरोहीलाई ब्याज तथा परिचयपत्र प्रदान गर्ने सम्बन्धी  कार्यविधि, २०७९ स्वीकृत भई कार्यान्वयनमा ल्याइएको।
२. सद्भावना दुत सम्बन्धी कार्यविधि बमोजिम ९ जना पर्यटन सद्भावना दुतहरु नियुक्त गरिएको।
३. क्यासिनो नियमावली, २०७० संशोधनको लागि अर्थ र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा रायको लागि पठाइएको।
४. सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा क्यासिनो व्यवसायीलाई जारी गरिएको निर्देशन, २०७६ समय सापेक्ष पहिलो संशोधन गरिएको।
५. खुम्बु आइसफलको बाटो निर्माण सम्बन्धी कार्यविधि, २०७९ मस्यौदा तयार भएको।
६. कोभिड १९ महामारीका कारण पर्यटन क्षेत्रमा परेको असरलाई कम गरी पर्यटन क्षेत्रको विकास एवम् प्रवर्द्धनका लागि नेपालको पर्यटन क्षेत्र पुनरुत्थान कार्ययोजना, २०७९ स्वीकृत भएको। कार्ययोजना कार्यान्वयनमा सम्बद्ध जिम्मेवार निकायहरुसँग समय समयमा प्रगति माग गरी कार्ययोजना कार्यान्वयनमा ल्याइएको।

७. नेपाल भ्रमण दशक २०२३-३२ मनाउन मन्त्रिपरिषद्बाट सैद्धान्तिक सहमति समेत प्राप्त भएको छ। नेपाल भ्रमण दशक २०२३-२०३२ कार्ययोजना तर्जुमा कार्यदल गठन भइ कार्य अघि बढेको।
८. मिति २०७९ असोज ११ गते तद्नुसार २७ सेप्टेम्बर २०२२ मा ४३ औं विश्व पर्यटन दिवस मनाईएको।
९. देशमा रहेका २६ मध्ये ११ वटा क्यासिनोहरुको अनुगमन गरिएको। २ वटा नयाँ क्यासिनोहरुलाई सञ्चालन गर्न अनुमति प्रदान गरिएको।
१०. नेपाल पर्यटन बोर्डसँग सम्बन्धित कानून अध्ययन कार्यदल, २०७९ गठन गरिएको।
११. पर्वतारोहण संघले व्यवस्थापन गर्ने हिमालहरुको रोयल्टी सम्बन्धमा अध्ययन तथा सुझाव समिति गठन भई कार्य अघि बढेको ।
१२. काठमाडौं उपत्यकाका प्रमुख पर्यटकीय गन्तव्य स्थलहरुमा Hop On Hop off City Bus सञ्चालन गर्ने सम्बन्धमा Trial Ride गरिएको।
१३. कालीगण्डकीको क्षेत्रबाट दुई थान शिला जनकपुरलाई प्रदान गर्ने सम्बन्धी विषयमा मन्त्रिपरिषद्मा प्रस्ताव पेश भई निर्णय भएको।
१४. हुसुरे डाँडाको नाम परिवर्तन गरी Bahrain Peak नामाकरण गर्ने सम्बन्धमा मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरिएको।
१५. पर्यटन पूर्वाधार तथा पर्यटन उपज साझेदारी कार्यक्रम प्रदेश र स्थानीयतहसँगको लागत साझेदारी कार्यक्रमहरूको लागि यस आर्थिक वर्षमा विनियोजित ९० करोड २९ लाख रकम मध्ये रु ९०,२८,४७,८४४।- (अक्षरेपी नब्बे करोड अठाइस लाख सतचालिस हजार अठ सय चौवालिस मात्र) रकम निकासा भएको र दायित्व बाँकी रकम अर्थ मन्त्रालयमा माग गरी पठाइएको।
१६. पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारीमा सञ्चालनमा रहेका २५ वटा योजनाहरुको अनुगमन कार्य गरिएको।
१७. मन्त्रालय अन्तर्गतका विभिन्न समिति र प्रतिष्ठानमा पदाधिकारीहरुको नियुक्ति सम्बन्धी कार्य गरिएको।

## ख. नागरिक उड्डयन

१. हवाई नीति, २०७९ को मस्यौदा तयार भइ अन्तिम स्वरुप दिन छलफल भइरहेको।
२. नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, २०७९ र नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०७९ लाई पुनः रायका लागि अर्थ मन्त्रालयमा पठाइएको।
३. हवाई सेवा व्यवस्थापन नियमावली, २०७९ को मस्यौदा तयार भई स्वीकृतिका लागि मन्त्रिपरिषद् पठाउने प्रकृया अगाडि बढाइएको।
४. अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनबाट औंल्याइएका कमी कमजोरीलाई अन्त्य गर्न गैह्र सैनिक हवाई दुर्घटना जांच नियमावली, २०७९ को मस्यौदा तयार गरी स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेश गरिएको।
५. इन्डोनेशियासँग हवाई सेवा सम्झौता गर्न सम्झौताको मस्यौदा तयार गरी परराष्ट्र मन्त्रालयमा पत्राचारका लागि पठाइएको।
६. रूवाण्डा र स्वीजरल्याण्डसँग हवाई सेवा सम्झौता गर्न सम्बन्धित मन्त्रालयबाट राय प्राप्त भई कार्य अगाडि बढाइएको।
७. माननीय मन्त्रीज्यूको नेतृत्वमा नेपालको तर्फबाट अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको ४१औं महासभामा सहभागिता जनाइएको।
८. निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्बन्धी सम्मानित सर्वोच्च अदालतवाट जारी परमादेश बमोजिम विज्ञ समूह गठन भई सो विमानस्थल निर्माण सम्बन्धी प्रतिवेदन प्राप्त भएको। प्रतिवेदन कार्यान्वयनका लागि मन्त्रिपरिषद्मा पठाइएको।
९. हवाई यातायात सम्बन्धी दायित्व र बीमा सम्बन्धी विधेयक २०७९ को मस्यौदा तयार गरी स्वीकृतिका लागि प्रकृया अगाडि बढाइएको।
१०. तारा एयरको 9N-AET दुर्घटना जाँच अन्तिम चरणमा रहेको।

## ग. संस्कृति

१. महाकवि लक्ष्मी प्रसाद देवकोटा पुरस्कार, भगत सर्वजित मानव मर्यादा राष्ट्रिय पुरस्कार, वि.पि. कोइराला राष्ट्रिय पुरस्कार, गोपाल प्रसाद रिमाल राष्ट्रिय पुरस्कार, पुष्पलाल राष्ट्रिय पुरस्कारहरु वितरणको लागि आवेदन एवम् सिफारिसका लागि राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन भई प्राप्त निवेदनहरू संकलन कार्य गरिएको।
२. मिति २०७९ असोज ३१ गते तद्नुसार अक्टोबर १७, २०२२ का दिन ICH (Intangible Cultural Heritage Day) दिवसका अवसरमा नेपाल टेलिभिजनमा Talk Program सञ्चालन गरिएको।
३. आदिकवि भानुभक्त राष्ट्रिय पुरस्कार, युगकवि सिद्धिचरण राष्ट्रिय पुरस्कार, योगमाया राष्ट्रिय पुरस्कार र सत्यमोहन जोशी राष्ट्रिय पुरस्कार वितरण सम्बन्धी कार्यविधि तयार गरिएको।
४. अमुर्त सांस्कृतिक सम्पदा सम्बन्धी ऐनको मस्यौदा तयारी कार्य अगाडि बढाइएको।
५. अमुर्त सांस्कृतिक सम्पदा सम्बन्धी राष्ट्रिय सूची (National Designated Intangible Cultural Heritage) सम्बन्धी निर्देशिका, २०७९ को मस्यौदा तयार गरिएको।
६. साँस्कृतिक सम्पदा सम्बन्धी कार्यक्रम संचालन गर्ने सम्बन्धी मापदण्ड निर्माणको प्रकृया अघि बढाइएको।
७. अमूर्त साँस्कृतिक सम्पदा सम्बन्धी साझेदार संस्थाहरूको सूचीकरणका लागि सूचना आह्वान भई हालसम्म ४५ वटा संस्थाहरू सूचीकृत हुन आएको।
८. युनेस्को लगायत अमूर्त साँस्कृतिक सम्पदा सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने जम्मा तीनवटा संस्थाहरूसँग साझेदारीमा कार्यक्रम सञ्चालन सम्पन्न भएको।
९. विभिन्न विशिष्ट व्यक्तित्वहरूको नाममा स्थापना भएका प्रतिष्ठान वा संस्थाहरूलाई अनुदान उपलब्ध गराउने सम्बन्धी संक्षिप्त मापदण्ड, २०७९ बमोजिम ११ वटा क वर्गलाई १ करोड २० लाख र ख वर्गलाई ७५ लाखका दरले जम्मा ३३ वटा प्रतिष्ठान वा संस्थाहरूलाई रू २९ करोड ७० लाख अनुदान रकम निकासा गरिएको।

२४। कार्यप्रारम्भ नभएका माइलस्टोनहरू

| क्र.सं. | कार्यान्वयन नभएका माइलस्टोनहरु | कार्यान्वयन नहुनुका कारण |
|---|---|---|
| १ | नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन र नेपाल हवाई सेवा प्राधिकरण ऐन जारी भए पश्चात प्राधिकरणको पुनःसंरचना गरी सेवा प्रदायक र नियामकको रुपमा छुट्टाछुट्टै निकाय स्थापना गरिने। | संघीय संसदमा विधेयक पेश भएको तर पारित हुन नसकेको। *(हाल नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, २०७९ र नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०७९ लाई पुनः रायका लागि अर्थ मन्त्रालयमा पठाइएको)* |
| २ | गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा Surveillance System (Radar) जडान गर्ने। | बजेट व्यवस्था नभएको। |

(धन्यवाद)